# योगदानमा आधारित

# सामाजिक सुरक्षा शब्दावली






सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

**लेखन तथा सम्पादन** : उपप्राध्यापक डा. दिपेश घिमिरे

**भाषा सम्पादन** : डा. देबकी आचार्य

**सम्पादन सल्लाहकार** : तिलोत्तम पौडेल
सुरभी भण्डारी

**सम्पादन सहयोगी** : नितु बर्नवाल
सरोज आचार्य
निरुता केसी

**प्रकाशन वर्ष** : २०८०

**प्रकाशन प्रति** : १००

**प्रकाशक** : सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

**प्रकाशन सहयोग** : अन्तर्राष्ट्रिय श्रम सङ्गठन

**डिजाईन** : ईकिगाई टेक्नोलोजी प्रा. लि.
(९८४१३०२७०५)

**ISBN** : ९७८-९९३७-१-४४१४-८

**थप जानकारीका लागि**

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल
सम्पर्क नम्बर : ९८५१३४८८५८
ईमेल : spcsnnepal@gmail.com
वेभसाईट : www.spcsnnepal.org

# धन्यवाद !

नेपालमा गैरयोगदानमा आधारित सामाजिक सुरक्षाको इतिहास लामो भएता पनि योगदानमा आधारित सामाजिक सुरक्षा योजना निकै पछि मात्र सुरु भएको हो । योगदानमा आधारित सामाजिक सुरक्षाका योजना कार्यान्वयन गर्नको लागि वि.सं. २०६७ सालमा सामाजिक सुरक्षा कोषको स्थापना भएको थियो । वि.सं. २०७१/७२ को बजेट वक्तव्यमा पहिलो पटक सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि एकीकृत सामाजिक सुरक्षा ऐन बनाएर कार्यान्वयन गर्ने विषय समेटिएको थियो । यसपछि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भयो । उक्त ऐनले सम्पूर्ण श्रमिकको सामाजिक बिमाको प्रावधानलाई अनिवार्य बनायो । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सामाजिक सुरक्षा (न्यूनतम मापदण्ड) महासन्धि १९५२ (नम्बर १०२) मा तोकिएका नौ वटा शाखा मध्ये आठलाई समेट्ने गरी सामाजिक बिमाको कानूनी रूपरेखा प्रदान गरेको छ ।

नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयनको अनुभव अत्यन्तै छोटो रहेको छ । यस विषयसँग जोडिएका आधारभूत विषयवस्तु, अवधारणा तथा सर्तलाई आम नागरिकले सहजै बुझ्न कठिन भएका कारण योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीबारे आम नागरिकलाई सहज रूपमा बुझाउनको लागि प्रमुख शब्दावलीलाई पहिचान गरी परिभाषित गर्नु आवश्यक रहेको देखिएको छ ।

यस शब्दावली तयारीको क्रममा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)का राष्ट्रिय परियोजना संयोजक सुरभी भण्डारीको सहयोग र भूमिका महत्वपूर्ण छ । नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षाका बारेमा समान बुझाइको विकास गर्न र यस कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी ढंगले अगाडि बढाउनको लागि तथा सामाजिक सुरक्षालाई प्रवर्द्धन गर्ने सन्दर्भमा आईएलओको प्रतिबद्धता तथा योगदान अतुलनीय रहेको छ ।

यस शब्दावली तयारीको कार्य गर्नु हुने त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. दिपेश घिमिरेप्रति आभारी छु । यस शब्दावलीको तयारी, निर्माण तथा लेखनको सम्पूर्ण प्रक्रियामा योगदान तथा सहयोग पुऱ्याउनुहुने यस सञ्जालका नितु बर्नवाल, सरोज आचार्य, निरुता केसी तथा भाषिक सम्पादन गर्नुहुने डा. देवकी आचार्यप्रति आभार व्यक्त गर्दछु । यस शब्दावली निर्माणको क्रममा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग तथा सहकार्य गर्ने सम्पूर्ण, व्यक्ति, संस्था तथा अधिकारीहरूप्रति पनि आभार व्यक्त गर्दछु ।

तिलोत्तम पौडेल

अध्यक्ष

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

# पृष्ठभूमि

नेपालमा सामाजिक सुरक्षाको दृष्टिकोणबाट श्रमिकहरू अत्यन्तै असुरक्षित रहेका छन् । त्यत्ति मात्रै होइन, काम गर्ने क्रममा हुने विभिन्न किसिमका दुर्घटना, रोजगारीबाट अवकाश पाएपछि हुने आर्थिक समस्या, स्वास्थ्योपचारमा समस्या, छोराछोरीको पठनपाठनमा समस्या मात्र नभई वृद्धाबस्थामा थप आर्थिक समस्यामा पर्ने गरेका छन् । त्यसैले श्रमिकलाई यस्ता खालको समस्यामा सामाजिक तथा आर्थिक सुरक्षा प्रदान गर्नको लागि योगदानमा आधारित सामाजिक सुरक्षाको अवधारणा विकास भएको पाइन्छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमले श्रमिक र उसको परिवारको गर्भावस्थादेखि वृद्धावस्थासम्म आर्थिक सुरक्षा प्रदान गर्ने उद्देश्य लिएको छ । त्यसैले सामाजिक सुरक्षा कार्यक्रम सामाजिक न्यायको दृष्टिकोणले श्रमिकको लागि अत्यन्तै महत्वपूर्ण रहेको देखिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमले श्रमिकलाई आवश्यक सुरक्षा प्रदान गर्ने भएकोले श्रमिकले काम गर्न सक्ने वातावरणको सिर्जना हुन जान्छ भने अर्को तर्फ रोजगारदाताहरू ढुक्क भएर व्यवसाय सञ्चालन गर्न सक्ने अवस्था बन्दछ । विश्वका धेरै देशहरूले यस किसिमका कार्यक्रमलाई निकै पहिलेदेखिनै सञ्चालन गर्दै आएका थिए । नेपालले भने वि.सं. २०७४ सालबाट योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात गरेको छ ।

नेपालकै इतिहासमा सामाजिक सुरक्षाका केहि कार्यक्रम निकै पहिलेदेखिनै सञ्चालन भएको पाइन्छ । वि.सं. १९९१ मा राणा प्रधानमन्त्री जुद्धशमशेरले सैनिक द्रव्यकोष स्थापना गरेका थिए । उक्त कोषमा सैनिकहरूको मासिक पारिश्रमिकबाट १० प्रतिशत रकम कट्टी गरेर सुरक्षित राखिदिने र अवकाश भएपछि उक्त रकम भुक्तानी दिने व्यवस्थाको सुरुवात भएको थियो । यसैगरी वि.सं. १९९३ सालबाट अवकाश प्राप्त कर्मचारीहरूले पेन्सन पाउने व्यवस्था सुरुवात भयो । वि.सं. २००१ सालमा सरकारले “निजामती प्रोभिडेण्ट फन्ड” नामबाट कर्मचारीलाई सामाजिक सुरक्षा सम्बन्धी सुविधा प्रदान गर्ने कार्यको सुरुवात भएको थियो । वि.सं. २०५१ सालबाट ज्येष्ठ नागरिकलाई मासिक भत्ता दिने काम सुरु भयो । वि.सं. २०७४ सालमा श्रम ऐन जारी भयो । उक्त ऐनले श्रमिकको आर्थिक सुरक्षाका लागि सामाजिक सुरक्षा कोषको स्थापना गर्ने व्यवस्था गरेको थियो । श्रम ऐनमा भएको व्यवस्था अनुसार सोही वर्ष सामाजिक सुरक्षा ऐन जारी भयो । उक्त ऐन अनुसार वि.सं. २०७५ मंसिर ११ गतेदेखि सामाजिक सुरक्षा कोषको औपचारिक सुरुवात भयो र वि.सं. २०७६ साउन १ गतेदेखि यसलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइयो । श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन भईरहेको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली तर्फ नेपालले गरिरहेको कामले परम्परागत किसिमका सामाजिक सुरक्षामा आधारित दृष्टिकोणमा व्यापक परिवर्तन ल्याएको छ । यस प्रणालीले व्यक्तिलाई सक्रिय रूपमा आफ्नै सामाजिक सुरक्षामा योगदान दिन, स्वामित्व र जिम्मेवारीको भावना बढाउनको लागि सहयोग पुर्‍याएको छ । सामाजिक सुरक्षा सम्बन्धी योजनाहरूको जटिलता र सम्बन्धित शब्दावलीहरू बुझ्न व्यक्तिहरू, रोजगारदाताहरू, नीति निर्माताहरू र यस क्षेत्रमा संलग्न सम्पूर्ण सरोकारवालाका लागि अत्यावश्यक रहेको देखिन्छ । यही कुरालाई मध्यनजर गर्दै यो शब्दावली तयार पारिएको छ ।

नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षाका प्रमुख शब्दावलीका विभिन्न उद्देश्य छन्:- क) यसले व्यक्तिलाई सामाजिक सुरक्षासँग सम्बन्धित जटिल र प्राविधिक सवालहरूलाई प्रस्ट पार्नको लागि एक सन्दर्भ सामग्रीको भूमिका निर्वाह गर्दछ । यस शब्दावलीले सामाजिक सुरक्षाका सन्दर्भमा नियमित प्रयोग भईरहने प्रमुख शब्दावलीहरूको बारेमा जानकारी प्रदान गर्दै व्यक्तिलाई अधिकतम फाइदा लिनको लागि सक्षम बनाउँदछ । ख) कर्मचारी तथा सेवा प्रदायक निकायका कर्मचारी तथा रोजगारदाताहरू र श्रमिकको बीचमा समान बुझाइको विकास गर्नको लागि पनि महत्वपूर्ण स्रोत सामग्रीको रूपमा योगदान पुर्‍याउदछ । प्रमुख शब्दावलीका सम्बन्धमा स्पष्ट र समान बुझाइले सङ्गठन भित्र योगदानमा आधारित सामाजिक सुरक्षाका प्रावधानहरूको सही कार्यान्वयनलाई सुनिश्चित गर्दछ र सम्भावित त्रुटीहरू, विवादहरू र कानूनी जटिलताहरूलाई कम गर्दै लैजान समेत योगदान गर्दछ ।

नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षाको शब्दावलीले नीतिगत छलफल तथा निर्णय प्रक्रियामा समेत योगदान पुर्‍याउदछ। नीति निर्माता, अनुसन्धानकर्ता तथा अध्येताहरूले समेत शब्दावलीलाई स्रोतको रूपमा लिएर सामाजिक सुरक्षाका जटिलताहरूको बारेमा आफ्नो बुझाइलाई थप गहिरो बनाउन, समाजका विभिन्न क्षेत्रमा यसको प्रभावको विश्लेषण गर्न र सुधारका क्षेत्रहरूको पहिचान गर्ने सन्दर्भमा प्रयोग गर्न सक्छन् । साझा भाषा तथा साझा दृष्टिकोणको विकास गरेर शब्दावलीले सरोकारवाला निकाय तथा व्यक्तिहरू बीचको संवाद, छलफल तथा सहकार्यलाई प्रोत्साहन गर्दछ । जसले अन्ततः योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको समग्र प्रभावकारीतालाई बढावा दिने र प्रमाणमा आधारित नीतिगत सुधार तर्फ अग्रसर गराउदछ ।

यस शब्दावलीको लागि शब्दहरूको चयन योगदानमा आधारित सामाजिक सुरक्षाको प्रचलित अवधारणाको आधारमा गरिएको छ । नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षाका बारेमा प्रचलनमा रहेका शब्दहरू तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को सामाजिक सुरक्षा सम्बन्धी शब्दावलीनै स्रोतको रूपमा रहेको छ । शब्दावलीको मुख्य भागमा शब्दहरू नेपाली भाषामा राखिएका छन् । यद्यपी यस्ता शब्दहरू सहजताका लागि अङ्ग्रेजी बर्णानुक्रम अनुसार राखिएको छ । शब्दलाई नेपाली र

अङ्ग्रेजी दुवैमा राख्दा त्यसलाई बुझ्न सहज हुने विश्वास लिइएको छ ।

अन्त्यमा, योगदानमा आधारित सामाजिक सुरक्षामा समर्पित शब्दावलीको तयारी र प्रकाशन अत्यन्तै महत्वपूर्ण र सान्दर्भिक रहेको छ । यसले हरेक व्यक्ति, श्रमिक, रोजगारदाता तथा नीति निर्माताहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीसँग सम्बन्धित मुख्य शब्दावलीहरू र अवधारणाहरू बुझ्नको लागि सन्दर्भ सामग्री प्रदान गरेर सशक्त बनाउदछ । यसले पारदर्शिता, पहुँच र सहभागितामा आधारित निर्णय प्रक्रियालाई प्रवर्द्धन गर्दै नेपाली नागरिकको आर्थिक सुरक्षा तथा सामाजिक कल्याणलाई सुदृढ बनाउनको लागि समेत महत्वपूर्ण योगदान गर्दछ ।

## शब्दावली

### १) सक्रिय योगदानकर्ताहरू (Active Contributors):

निश्चित अवधिमा सामाजिक सुरक्षा कोषमा कम्तिमा एक पटक योगदान गरेको वा जसको तर्फबाट कम्तिमा एक पटक योगदान गरिएको बिमित श्रमिक/व्यक्ति वा योगदानकर्ताहरूलाई सक्रिय योगदानकर्ताहरू भनिन्छ ।

### २) सक्रिय बिमित व्यक्ति (Active Insured Person):

तोकिएको अवधि भित्र सामाजिक सुरक्षा कोषमा कम्तिमा एकपटक योगदान वापतको रकम भुक्तानी गरिएको व्यक्तिलाई सक्रिय बिमित व्यक्ति भनिन्छ ।

### ३) विमाङ्कीय मूल्याङ्कन (Actuarial Evaluation):

जनसांख्यिकीय प्रवृत्ति, आर्थिक वृद्धि र लगानी प्रतिफल लगायतका सवाललाई ध्यानमा राख्दै सामाजिक सुरक्षा योजनाको वित्तीय सम्भाव्यता र दिगोपनाको मूल्याङ्कन गर्ने प्रक्रियानै विमाङ्कीय मूल्याङ्कन हो ।

### ४) विमाङ्कीय सन्तुलन (Actuarial Balance):

विमाङ्कीय सन्तुलन भनेको योगदान तथा अन्य स्रोतहरूबाट अनुमानित आम्दानी सुविधा भुक्तानी, प्रशासनिक लागतहरू तथा अन्य कुनैपनि आकस्मिकताहरू सहित अपेक्षित खर्चहरू समेट्न पर्याप्त छ कि छैन भन्ने कुराको मापन हो ।

### ५) वास्तविक सामाजिक बिमा योगदान (रोजगारदाता) {Actual social insurance contribution (employer)}:

वास्तविक सामाजिक बिमा योगदानले रोजगारदाताले आफ्ना कर्मचारीहरूको तर्फबाट सामाजिक सुरक्षा कार्यक्रममा योगदान गर्ने रकमलाई जनाउदछ । उक्त योगदान

सामान्यतया कर्मचारीको ज्याला वा तलबको प्रतिशत हो । वास्तविक सामाजिक बिमा योगदान भनेको सेवानिवृत्त निवृत्तिभरण, असक्षमता तथा अपाङ्गता हुँदा प्राप्त गर्ने सुविधाहरू, स्वास्थ्य सेवाका बारेमा समेटिएका सुविधाका क्षेत्रहरू, बेरोजगार हुँदा प्राप्त गर्ने सुविधाहरू, सामाजिक सुरक्षाका अन्य योजनाहरू लगायतका विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरूको लागि रोजगारदाताले गरेको अनिवार्य भुक्तानी हो । यसरी समेटिएका विशिष्ट कार्यक्रमहरू र योगदानका दरहरू भने देश तथा स्थानमा रहेको सामाजिक सुरक्षा प्रणालीको आधारमा भिन्न-भिन्न हुन्छन् ।

### ६) वार्षिक लाभ (Annuity):

वार्षिक लाभले सेवानिवृत्ति सुविधाको रूपमा एक व्यक्तिलाई गरिएको भुक्तानीलाई बुझाउदछ । यस्तो लाभ व्यक्तिलाई उसको जीवनकालभरी प्रदान गरिन्छ । वार्षिक लाभको रकम व्यक्तिको आम्दानीको इतिहास, उनीहरूले सामाजिक सुरक्षा प्रणालीमा गरेको योगदान, योगदान गरेको वर्ष र लाभहरू गणना गर्न सामाजिक सुरक्षा कार्यक्रमले प्रयोग गरेको विशिष्ट सूत्र लगायतमा आधारित हुन्छ ।

### ७) संघ (Association):

संघ भनेको व्यक्तिहरूको समूह हो, जुन स्व-इच्छुक रूपमा एक विशेष उद्देश्य तथा साझा हितको रक्षाको लागि स्थापित भएको हुन्छ र व्यक्तिहरू त्यसमा सामेल तथा सङ्गठित भएका हुन्छन् । संघ वाणिज्य, व्यापार तथा उद्योग व्यवसाय विपरीत, गैरनाफामूलक उद्देश्यका साथ स्थापित तथा सञ्चालित भएका हुन्छन् ।

### ८) आधारभूत तलब (Basic Salary):

आधारभूत तलब भनेको तलब पाउने कर्मचारीले आफ्नो आयमा कुनैपनि थप वा कटौती लागू गर्नु अघि नियमित रूपमा प्राप्त गर्ने वा कमाउने रकम हो ।

### ९) विनाशकारी जोखिम (Catastrophic Risk):

विनाशकारी जोखिमले सामाजिक सुरक्षा प्रणालीमा ठूलो, अप्रत्याशित घटना वा प्रकोप आउन सक्ने सम्भावित आर्थिक बोझ, समस्या तथा तनावलाई जनाउदछ । यस्ता विनाशकारी घटनाहरू सामान्यतया ठूलो मात्रामा हुन्छन् । यसले अर्थतन्त्र र सामाजिक सुरक्षा कार्यक्रममा ठूलो असर पार्दछन् । भूकम्प, बाढीपहिरो, सुनामी, अन्य प्राकृतिक प्रकोप, महामारी, आर्थिक संकट वा अन्य अप्रत्याशित परिस्थितिहरू विनाशकारी जोखिमका केहि उदाहरणहरू हुन् ।

### १०) वर्गीकृत योजनाहरू (Categorical Schemes):

वर्गीकृत योजनाहरूले सामाजिक सुरक्षा कार्यक्रमका विशेष सुविधाकार्यक्रम

तथा प्रावधानहरूलाई जनाउदछ, जुन विभिन्न वर्ग तथा समूहका व्यक्तिहरूको आवश्यकतालाई सम्बोधन गर्नको लागि व्यवस्था गरिएको हुन्छ। यी योजनाहरू विशेष मापदण्ड वा विशेषताहरूमा आधारित व्यक्तिहरूलाई लक्षित गरी सुविधा तथा सहायता प्रदान गर्नका लागि तयार पारिएका हुन्छन्। यो सामान्यतया सामाजिक असमानतालाई न्यूनीकरण गर्न, कमजोर तथा पछाडि पारिएका वर्ग समुदायका नागरिकको हकहित गर्न र सामाजिक सुरक्षाका लाभहरूमा समान पहुँच सुनिश्चित गर्न लागू गरिन्छ।

### ११) दाबी (Claim):

सामाजिक सुरक्षा कार्यक्रमद्वारा प्रदान गरिएका सुविधाहरू वा सेवाहरूमा पहुँच स्थापित गर्नको लागि व्यक्तिले गरेको औपचारिक अनुरोध वा आवेदनलाई जनाउदछ। जब योगदानकर्ताहरूले निश्चित योग्यता तथा तोकिएको मापदण्डहरू पूरा गर्दछन्, तिनीहरूले आर्थिक सहयोग, स्वास्थ्य सेवा माथिको पहुँच वा अन्य प्रकारका सहायता र सुविधा प्राप्त गर्नको लागि दाबी पेश गर्न सक्दछन्।

### १२) सह-भुक्तानी (Co-payment):

सह-भुक्तानीले स्वास्थ्य सेवा लागतको खर्चको अंशका आधारमा योगदानकर्ता र सामाजिक सुरक्षा प्रणाली वा बिमा प्रदायक निकाय बीचमा बाँडफाँड भएको हुन्छ। चिकित्सा सेवाहरू वा तोकिएको औषधि खरिद गर्दा सामाजिक सुरक्षा तथा बिमा प्रदायक निकायले भुक्तानी गरिसके पछि त्यसले नसमेट्ने र व्यक्तिले आफ्नो खल्तीबाट तिर्नुपर्ने रकमलाई सह-भुक्तानी भनिन्छ।

### १३) समुदायमा आधारित सामाजिक सुरक्षाका संयन्त्रहरू (Community Based Social Protection Mechanisms):

समुदायमा आधारित सामाजिक सुरक्षा संयन्त्रले समुदाय भित्रका कमजोर व्यक्ति र घरपरिवारलाई सामाजिक सहयोग, सहायता र सुरक्षा प्रदान गर्न स्थानीय वा सामुदाय स्तरमा गरिएका पहल तथा लागू गरिएका कार्यक्रमहरूलाई जनाउदछ। समुदाय भित्र एकता, सामाजिक सद्भाव र पारस्परिक सहयोगका माध्यम मार्फत कमजोर तथा जोखिममा रहेका नागरिकको सामाजिक र आर्थिक सुरक्षाको संरक्षणका लागि तय गरी लागू गरिएका कार्यक्रमहरू नै समुदायमा आधारित सामाजिक सुरक्षाका संयन्त्रहरू हुन्।

### १४) अनुपालन (Compliance):

व्यक्ति, रोजगारदाता र सामाजिक सुरक्षा प्रणाली भित्रका अन्य सम्बन्धित पक्षहरूद्वारा कानूनी र नियामक आवश्यकताहरूको परिपालना नै अनुपालन हो। यसमा

योगदानको समयमै भुक्तानी, आम्दानीको सही सूचना प्रवाह र सामाजिक सुरक्षा कार्यक्रमद्वारा तोकिएका अन्य दायित्वहरूको परिपालना समेत समावेश भएको हुन्छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र दिगोपनका लागि अनुपालनलाई अत्यावश्यक सवालको रूपमा लिइन्छ ।

### १५) अनिवार्य स्वास्थ्य बिमा (Compulsory Health Insurance):

अनिवार्य स्वास्थ्य बिमा भनेको एक वैधानिक र अनिवार्य प्रणाली हो । यसको माध्यमबाट आम समुदायले राज्यद्वारा सञ्चालित समग्र सामाजिक सुरक्षा योजनाको भागको रूपमा व्यक्तिको स्वास्थ्य हेरचाहको लागतको लागि जिम्मेवारी लिन्छ ।

### १६) योगदान (Contribution):

श्रमिक र रोजगारदाताहरूले गरेको नियमित भुक्तानीलाई योगदान भनिन्छ । योगदान सामान्यतया अनिवार्य हुन्छन् र व्यक्तिको आय, तलब वा ज्यालाको प्रतिशतमा आधारित हुन्छन् । योगदानलाई सामाजिक सुरक्षा प्रणालीको आम्दानीको प्राथमिक श्रोतको रूपमा लिने गरिन्छ । सामाजिक सुरक्षा कार्यक्रमद्वारा प्रदान गरिएका विभिन्न सुविधाहरू र सेवाहरूको सन्दर्भमा लगानी गर्नको लागि प्रयोग गरिन्छ । उदाहरणको लागि सेवा निवृत्ति सुविधा, अपाङ्गता, अशसक्तता तथा असक्षमता सुविधा, स्वास्थ्य सेवाको उपलब्धता, बेरोजगारी सुविधा, सामाजिक सहायता तथा अन्य स्वरुपका सुविधाहरू यसमा समेटिएका हुन्छन् ।

### १७) योगदानको सीमा (Contribution Ceiling):

सामाजिक सुरक्षा योजनामा समावेश भईसकेका व्यक्तिले गर्ने योगदानको अधिनमा रहेको व्यक्तिगत ज्यालाको न्यूनतम वा अधिकतम रकमको सीमालाईनै योगदानको सीमाको रूपमा लिइन्छ । योगदानको अधिकतम सीमा सामान्यतयाः अधिकतम आयको प्रतिबिम्बित गर्दछ । यसैको आधारमा व्यक्तिले प्राप्त गर्ने सेवा तथा लाभहरूको भुक्तानीको गणना गर्ने गरिन्छ ।

### १८) योगदान दर (Contribution Rate):

योगदान दरले श्रमिक/व्यक्ति वा तिनका रोजगारदाताहरूले सामाजिक सुरक्षा प्रणालीमा योगदान गर्न आवश्यक पर्ने आम्दानीको प्रतिशत वा निश्चित रकमलाई जनाउदछ । यसले श्रमिक/व्यक्तिको आम्दानीको अंश निर्धारण गर्दछ जुन सामाजिक सुरक्षा कार्यक्रमद्वारा उपलब्ध गराइने विभिन्न सुविधाहरू र सेवाहरूको लागि सामाजिक सुरक्षा कोषमा छुट्याईन्छ ।

### १९) योगदानमा आधारित सुविधा (Contributory Benefit):

योगदानात्मक लाभले सामाजिक सुरक्षा कार्यक्रममा आफ्नो योगदानको आधारमा श्रमिक/व्यक्तिहरूले प्राप्त गर्न सक्ने सुविधालाई जनाउदछ। यस्ता सुविधाहरू सिधैं श्रमिक/व्यक्तिले विगतमा गरेको योगदानसँग जोडिएको हुन्छ र सामाजिक सुरक्षा प्रणालीद्वारा समेटिएका विशिष्ट आकस्मिक वा जीवन घटनाहरूसँग सम्बन्धित हुन्छन् ।

### २०) जोखिमले समेटेको क्षेत्र तथा रकम (Coverage):

जोखिमले समेटेको क्षेत्र तथा रकमले सामाजिक सुरक्षा प्रणालीमा योगदान गर्ने व्यक्तिहरूलाई प्रदान गरेको सुरक्षाको क्षेत्रगत, विधागत दायरालाई जनाउदछ । यसले सामान्यतया सुविधाहरू जस्तै स्वास्थ्य सेवा, अपाङ्गता सुविधाहरू, बेरोजगारी सुविधाहरू, निवृत्तिभरण तथा सामाजिक सुरक्षाका अन्य सुविधा लगायतलाई समावेश गर्दछ। साथै योगदानकर्ताले प्राप्त गर्न सक्ने सुविधाको स्तर तथा क्षेत्र समेत निर्धारण गर्दछ।

### २१) जोखिमले समेटेको क्षेत्र तथा रकमको दायरा (Coverage Rate):

यसले सामाजिक सुरक्षा प्रणालीमा समेटिएको वा दर्ता भएको लक्षित जनसंख्याको प्रतिशत वा अनुपातलाई जनाउदछ। यसले कुन पेशा तथा व्यवसायमा संलग्न भएका के-कति व्यक्ति सामाजिक सुरक्षा कार्यक्रममा सहभागी र लाभान्वित भइरहेका छन् भन्ने कुरालाई मापन समेत गर्दछ।

### २२) परिभाषित सुविधाहरू (Defined Benefits):

परिभाषित सुविधा भनेको योजनामा भुक्तान गरिएको सुविधा हो । यो सामान्यतया एक सुत्रमा आधारित हुन्छ, जसमा व्यक्तिले योगदान गरेको बिमाको वर्ष र सोहि अवधिमा आयको रकमलाई ध्यानमा राखिएको हुन्छ।

### २३) परिभाषित योगदान (Defined Contribution):

परिभाषित योगदानले एक त्यस्तो प्रणालीलाई जनाउदछ जहाँ श्रमिक/व्यक्ति वा तिनीहरूका रोजगारदाताहरूद्वारा गरिएको योगदानलाई सामान्यतया एक निश्चित रकम वा व्यक्तिको आयको प्रतिशतको रूपमा स्पष्ट रूपमा परिभाषित गरिएको हुन्छ। सामाजिक सुरक्षा कोषका सहभागीहरूले गरेका योगदान व्यक्तिगत खाताहरूमा जम्मा भएको हुन्छ र त्यसपछि लगानी गरिन्छ। उक्त योगदान समयसँगै संचित समेत भएको हुन्छ।

### २४) परिभाषित सुविधा योजना (Defined Benefit Scheme):

परिभाषित सुविधा योजना एक सेवा निवृत्ति वा पेन्सन योजना हो । जसमा

सुविधाहरू पूर्वनिर्धारित वा विशिष्ट मापदण्डको आधारमा परिभाषित भएका हुन्छन् । यस योजना अन्तर्गत, निवृत्तिभरण वा सेवा निवृत्ति आयको रकम श्रमिक/व्यक्तिले प्राप्त गर्ने आयको इतिहास, सेवाको अवधि र सामाजिक सुरक्षा कार्यक्रमद्वारा स्थापित सुत्रको आधारमा निर्धारण गरिन्छ ।

### २५) परिभाषित योगदान योजनाहरू (Defined Contribution Schemes):

परिभाषित योगदान योजना सेवानिवृत्ति वा निवृत्तिभरण योजना हो । जुन श्रमिक/व्यक्तिले र रोजगारदाताले गरेको योगदान सहित परिभाषित तथा पूर्वनिर्धारित हुन्छन् । परिभाषित लाभ योजनाको विपरीत परिभाषित योगदान योजनामा श्रमिक/व्यक्तिले प्राप्त गर्ने लाभहरू पूर्वनिर्धारित हुन्छन् । साथै सेवा निवृत्ति आय वा निवृत्तिभरणको रकम एक व्यक्तिले प्राप्त गर्ने संचित योगदान तथा ती योगदानहरूमा रहेका लगानी फिर्तामा निर्भर गर्दछ ।

### २६) आश्रित (Dependent):

आश्रित भन्नाले आर्थिक सहयोग र अन्य फाइदाका लागि सामाजिक सुरक्षा योजनाको प्राथमिक योगदानकर्ता, श्रमिक/व्यक्तिसँग भर परेको व्यक्तिलाई जनाउदछ । आश्रितहरू  परिवारका सदस्यहरू वा व्यक्तिहरू जो आर्थिक रूपमा प्राथमिक सहभागीमा निर्भर हुन्छन् ।

### २७) आर्थिक रूपमा सक्रिय जनसंख्या (Economically Active Population):

आर्थिक रूपमा सक्रीय जनसंख्या भन्नाले श्रम बजारमा रोजगारीमा रहेका कामदार/श्रमिक वा स्वरोजगारमूलक कार्यमा सक्रीय रूपमा संलग्न रही आर्थिक उपार्जनका कार्य गरिरहेका व्यक्तिहरूलाई जनाउदछ । यस्ता व्यक्तिहरू सामान्यतया काम तथा श्रम गर्ने उमेरका हुन्छन् र आर्थिक उपार्जन गर्नको लागि आर्थिक गतिविधिहरूमा सक्रिय रूपमा सहभागी भएका हुन्छन् ।

### २८) योग्यताका सर्तहरू  (Eligibility Conditions):

कानूनी रूपमा परिभाषित सीमाले कुनैपनि व्यक्तिले कुन अवस्थामा तोकिएको सुविधा दाबी गर्ने अधिकार रहन्छ भन्ने कुरा सुस्पष्ट रूपमा तोकिएको हुन्छ । यस्ता सर्तहरू सामाजिक सुरक्षा कार्यक्रम वा योजनाको प्रकारको आधारमा भिन्नभिन्न हुन सक्दछन् ।

### २९) सूचीकरण (Enrollment):

सूचीकरणले व्यक्तिहरू सामाजिक सुरक्षा कोषमा दर्ता हुने वा संलग्न हुने प्रक्रियालाई जनाउदछ । सामाजिक सुरक्षा कार्यक्रममा नियमित योगदानकर्ताको रूपमा सक्रिय रूपमा सहभागी हुनको लागि आवश्यक पर्ने आधारभूत जानकारी, कागजात तथा प्रमाणहरूको विवरण तथा अन्य आवश्यक पूर्वसर्त पूरा गरेपछि सूचीकरण हुन सक्छन् ।

### ३०) रोग व्याधिको अवधि (Episode of Illness):

रोगव्याधिको अवधि भनेको एक व्यक्तिले आफ्नो स्वास्थ्य स्थिति वा रोगको कारणले गर्दा श्रम/काम गर्न असमर्थ हुने अवधि हो । यो सामान्यतया स्वास्थ्य सेवा र आय प्रतिस्थापन सम्बन्धित केही लाभ वा प्रावधानहरूको लागि योग्यता निर्धारण गर्न प्रयोग गरिन्छ । रोगव्याधिको अवधि सामान्यतया सामाजिक सुरक्षा कार्यक्रम वा बिमा प्रदायक निकायद्वारा स्थापित विशिष्ट मापदण्डद्वारा परिभाषित गरिएको हुन्छ । यी मापदण्डहरूमा रोगको अवधि, रोग तथा यसको लक्षणहरूको गाम्भिर्यता र त्यसले श्रमिक/व्यक्तिको काम गर्ने क्षमतामा पर्ने प्रभाव लगायतका सेवाहरू समावेश गरिएको हुन्छ । व्यक्तिले रोगव्याधिको अवधिको सुविधाको लागि दाबी प्रस्तुत गर्नको लागि अस्पतालमा भर्ना भएको विवरण तथा चिकित्सकले दिएको दस्तावेज तथा प्रमाणहरू समेत समावेश गर्नुपर्दछ ।

### ३१) उपचारको अवधि (Episode of Treatment):

उपचारको अवधि एक विशिष्ट अवधि हो जुन अवधिमा एक श्रमिक/व्यक्तिले चिकित्सकको निगरानी, हेरचाह, उपचार वा विशेष स्वास्थ्य अवस्थासँग सम्बन्धित सेवाहरू प्राप्त गर्दछ । उपचारको अवधि मूलतः केहि स्वास्थ्य सेवा सुविधाहरू वा प्रावधानहरूको लागि योग्यता निर्धारण गर्नको लागि प्रयोग गरिने शब्द हो । यसले सामान्यतया स्वास्थ्य सेवा वा उपचारको अवधिलाई समावेश गर्दछ । यसमा चिकित्सकसँगको स्वास्थ्य जाँच, स्वास्थ्यसँग सम्बन्धित परीक्षण, निदान, शल्यक्रियाका प्रक्रियाहरू, अस्पतालको बसाई, आरामको अवधि र उक्त अवधिमा लिनुपर्ने स्वास्थ्य सेवाहरू वा चिकित्सा उपचारका अन्य विभिन्न सवालहरू समेत समावेश भएको हुन्छ ।

### ३२) वित्तीय समकक्षता (Financial Equivalence):

वित्तीय समकक्षताले व्यक्तिहरूले गरेको योगदानको मूल्य उनीहरूको जीवनकालमा प्रणालीबाट प्राप्त लाभहरू बराबर छ भनी सुनिश्चित गर्ने सिद्धान्तलाई जनाउदछ । यो सामाजिक सुरक्षा प्रणाली भित्र निष्पक्षता र दिगोपन कायम गर्नको लागि विकास गरिएको अवधारणा हो । अर्को शब्दमा भन्नुपर्दा, वित्तीय समकक्षता भनेको व्यक्तिले सामाजिक सुरक्षा प्रणालीमा योगदान गर्ने रकम र योगदानकर्ताले प्राप्त गर्ने लाभहरू समानुपातिक रहेको सुनिश्चित गर्ने एक अवधारणा हो ।

### ३३) वित्तीय सन्तुलन (Financial Equilibrium):

वित्तीय सन्तुलन भनेको सामाजिक सुरक्षा प्रणालीको दीघकालीन खर्च र दायित्वहरू पूरा गर्न नियमित प्राप्त हुने योगदानका साथै सामाजिक सुरक्षा कोषका अन्य स्रोतहरूबाट पर्याप्त आम्दानी हुने अवस्था हो । यस प्रणालीमा नियमित रूपमा जम्मा हुने रकम तथा आम्दानी र कोषबाट लगानी तथा भुक्तानीका माध्यम मार्फत बाहिरिने पुँजी बीचको सन्तुलनलाई बुझाउदछ । सामाजिक सुरक्षा कार्यक्रमको दिगोपन र स्थायित्वका लागि वित्तीय सन्तुलन अत्यन्तै महत्वपूर्ण हुन्छ । वित्तीय सन्तुलनले सामाजिक सुरक्षा कोष वित्तीय तनाव वा समस्या नरहेको तथा यसले सेवानिवृत्ति लाभहरू, अपाङ्गता तथा असक्षमता, स्वास्थ्य सेवा, निवृत्तिभरण तथा अन्य योजनाहरूले योगदानकर्ता तथा उसको आश्रित परिवारका सदस्यहरूले प्राप्त गर्ने सुविधा समयमानै प्रदान गर्न सक्षम छ भन्ने सुनिश्चित गराउदछ ।

### ३४) वित्तीय प्रणाली (Financing System):

वित्तीय प्रणाली भन्नाले सामाजिक सुरक्षा कार्यक्रम अन्तंगत सञ्चालनमा रहेका विभिन्न योजनाको वित्तीय दायित्वहरू पूरा गर्नको लागि आवश्यक स्रोतहरू जुटाउनको लागि तय गरिएको प्रणालीगत व्यवस्थालाई जनाउदछ । वित्तीय प्रणालीले सामाजिक सुरक्षाका सम्पूर्ण योजनाहरूको जीवनचक्रको प्रत्येक बिन्दुमा आवश्यक पर्ने खर्चको रकम उपलब्ध वित्तीय स्रोतहरूले समेट्न सक्दछ भन्ने सुनिश्चित गर्नको लागि तय गरिएको कानूनी प्रावधानहरूलाई पनि बुझाउदछ ।

### ३५) वित्तीय दायरा (Fiscal Space):

वित्तीय क्षेत्र भन्नाले सामाजिक सुरक्षा कार्यक्रमहरूको लागि कोष र यसलाई दिगो बनाउनको लागि नेपाल सरकारको बजेट मार्फत भएको वित्तीय स्रोतहरूको उपलब्धतालाई जनाउदछ । यसले सामाजिक सुरक्षा प्रणालीको योगदान, सुविधा, प्रशासनिक खर्च र अन्य सम्बन्धित खर्चका लागि पर्याप्त रकम छुट्याउने सरकारको क्षमता हो । वित्तीय क्षेत्रको अवधारणा सामाजिक सुरक्षा कार्यक्रमहरूको दीर्घकालीन सञ्चालन, दिगोपन र प्रभावकारिता सुनिश्चित गर्नको लागि महत्वपूर्ण रहेको छ । यसले वित्तीय दायित्वहरू पूरा गर्न र बिमित व्यक्तिहरूलाई पर्याप्त सहयोग, लाभ तथा सुविधाहरू उपलब्ध गराउने सरकारको क्षमतालाई निर्धारण गर्दछ ।

### ३७) पूर्ण लगानी (Full Funding):

त्यस्तो वित्तीय प्रणाली जस अन्तर्गत योजना, दायित्व वा वार्षिक सुविधा व्ययको बराबरको सञ्चिति बढाउने उद्देश्य रहेको हुन्छ । पूर्ण लगानीको अवधारणाले सामाजिक सुरक्षा प्रणालीसँग आफ्नो दायित्वहरू पूरा गर्न कोषको बाह्य स्रोतहरूमा भर पर्नु नपर्ने अवस्थालाई समेत जनाउदछ ।

### ३८) कोष व्यवस्थापन (Fund Management):

कोष व्यवस्थापन सामाजिक सुरक्षा प्रणालीको वित्तीय स्रोत र लगानीको निरीक्षण तथा व्यवस्थापन गर्ने प्रक्रियासँग सम्बन्धित रहेको छ । यसले प्रणालीको दायित्व र उद्देश्यहरू पूरा गर्न कोषको प्रभावकारी कार्यान्वयन र उपयोगको सुनिश्चित गर्न रणनीतिक निर्णय लिने, योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने लगायतका सवालहरू समेटिएको हुन्छ ।

### ३९) लगानी अनुपात (Funding Ratio):

योजना अन्तर्गत वास्तविक दायित्वको रकमसँग आरक्षित रकमको अनुपातनै लगानी अनुपात हो ।

### ४०) समूह बिमा (Group Insurance):

समूह बिमा एक बिमा योजना हो, जसले व्यक्तिहरूको समूह वा संस्थाका कर्मचारी वा संस्था वा समूहका सदस्यहरूलाई एउटै नीति अन्तर्गत समेटेर प्रिमियम संकलन तथा लाभ प्रदान गर्दछ । यो सामुहिक बिमाको एक रूप हो, जहाँ समूहका सदस्यहरू बीच जोखिम र फाईदा समेत बाँडफाँड गरिन्छ ।

### ४१) स्वास्थ्य सेवा (Health Care):

स्वास्थ्य सेवाले व्यक्तिलाई उनीहरूको स्वास्थ्य आवश्यकताहरू सम्बोधन गर्न चिकित्सा सेवाहरू, उपचारहरू र आवश्यक स्वास्थ्य सहयोगहरूका सम्बन्धमा रहेका विभिन्न प्रावधानलाई बुझाउदछ । यसले स्वास्थ्यलाई प्रवर्द्धन, उपचार, रेखदेखका साथै रोग र चोटपटकको रोकथाम र व्यवस्थापन गर्ने उद्देश्यले व्यवस्था गरिएका सम्पूर्ण सेवाहरूको विस्तृत श्रृंखलालाई समेट्दछ । स्वास्थ्य सेवा सामान्यतया सामाजिक सुरक्षा प्रणाली वा बिमा कार्यक्रमहरूद्वारा प्रदान गरिएको हुन्छ । स्वास्थ्य सेवाले प्राथमिक हेरचाह, विशेषज्ञ परामर्श, अस्पतालमा भर्ना, निदान परीक्षणहरू, औषधिहरू, पुर्नस्थापनासँग सम्बन्धित सेवाहरू, स्वास्थ्य उपचारसँग सम्बन्धित जाँचहरू र अन्य आवश्यक उपचारहरू सहितका विभिन्न पक्षहरूलाई समेट्दछ ।

### ४२) स्वास्थ्य हेरचाहसँग सम्बन्धित लाभहरू (Health Care Benefits):

स्वास्थ्य हेरचाहसँग सम्बन्धित सुविधाहरू भनेको योग्य व्यक्तिहरूलाई उनीहरूको चिकित्सा खर्च समेट्न र आवश्यक स्वास्थ्य सेवामा पहुँचलाई सुनिश्चित गर्न बनाईएका प्रावधान र प्रदान गरिएका सेवाहरू हुन् । यी लाभहरू सामाजिक सुरक्षा प्रणालीले समेटेको जनसंख्याको स्वास्थ्य, गुणस्तरीय जीवनको प्रवर्द्धन र संरक्षण गर्नको लागि तयार पारिएको हुन्छ ।

### ४३) स्वास्थ्य सेवा सुविधाहरू (Health Care Facilities):

व्यक्तिलाई स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्थापित तथा संलग्न भएका दक्ष स्वास्थ्यकर्मी सहितका प्रतिष्ठान तथा संस्था र यस्ता निकायबाट प्रदान गरिने सेवासुविधालाई स्वास्थ्य सेवा सुविधाहरू भनिन्छ । उदाहरणको लागि स्वास्थ्य चौकी, मेडिकल पसल, डाक्टरको कार्यालय, अस्पताल ।

### ४४) स्वास्थ्य सेवा सञ्जाल (Health Care Network):

स्वास्थ्य सेवाको प्रभावकारीतालाई अभिवृद्धि गर्नको लागि एक विशेष क्षेत्र भित्रका स्वास्थ्य सेवा प्रदायकहरूको एक निश्चित संख्याको समूहीकरणलाई स्वास्थ्य सेवा सञ्जाल भनिन्छ । सञ्जालका सदस्यहरू बीचको समन्वयले स्वास्थ्य सम्बन्धी जानकारीको विस्तार गर्न, सुधार गर्न, विरामीहरूको स्वास्थ्य अभिलेख आदानप्रदान गर्न तथा विरामी व्यक्तिको थप उपचारलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक पर्ने सूचना तथा विशेषज्ञ सेवा सहजै आदानप्रदान गर्न सकिने प्रणाली सञ्जालले विकास गरेको हुन्छ ।

### ४५) स्वास्थ्य सेवा प्रदायक (Health Care Provider):

स्वास्थ्यसँग सम्बन्धित सेवा प्रवाह गर्ने व्यक्ति, निकाय तथा संस्था जसले विरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दछ, त्यसलाई स्वास्थ्य सेवा प्रदायक भनिन्छ । उदाहरणको लागि डाक्टर, फार्मासिस्ट, सर्जन, स्वास्थ्य स्वयंसेविका, नर्स, स्वास्थ्य चौकी, जिल्ला अस्पताल, प्रदेश अस्पताल, राष्ट्रिय अस्पताल, औषधालय, बैद्य, कविराज आदिलाई स्वास्थ्य सेवा प्रदायकको रूपमा लिन सकिन्छ ।

### ४६) घरमै प्रदान गरिने स्वास्थ्य हेरचाह (Home Care):

यसले बिरामीको घरमै प्रदान गरिने स्वास्थ्य उपचार तथा आराम लगायतका स्वास्थ्य सेवालाई जनाउदछ । जहाँ स्वास्थ्यकर्मी, विशेषज्ञ डाक्टर तथा नर्सहरू विरामीको घरमै गएर स्वास्थ्य परीक्षण गर्ने, आवश्यक उपचार गर्ने र घरमै विरामीको हेरचाह गर्ने व्यवस्था मिलाइएको हुन्छ । यसरी घरमै प्रदान गरिने स्वास्थ्य हेरचाह अन्य उपचार प्रणाली भन्दा महँगो पर्दछ ।

### ४७) अस्पतालमा प्रदान गरिने स्वास्थ्य हेरचाह (Hospital Care):

अस्पतालमा प्रदान गरिने स्वास्थ्य हेरचाह भनेको विरामी अस्पताल भर्ना भएपछि प्रदान गरिने स्वास्थ्य उपचार तथा हेरचाह हो । जसमा कुनैपनि व्यक्ति उपचारको लागि स्वास्थ्य प्रदायक निकाय वा अस्पतालमा पुगेर कम्तिमा एक रात भर्ना हुनेगरी प्रदान गरिने स्वास्थ्य उपचार सेवालाई यस अन्तर्गत राखेर बुझ्ने गरिन्छ ।

### ४८) निष्क्रिय बिमित व्यक्ति (Inactive Insured Person):

सामाजिक सुरक्षा योजनामा सूचीकृत वा दर्ता चाहि भएको तर तोकिएको समयावधिमा योगदान नगरेको व्यक्तिलाई निष्क्रिय बिमित व्यक्ति भनिन्छ ।

### ४९) व्यक्तिगत खाता (Individual Account):

सामाजिक सुरक्षा प्रणाली भित्र प्रत्येक सहभागी व्यक्तिको लागि व्यक्तिगत खाताको व्यवस्था गरिएको हुन्छ । यो परिभाषित योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको एक प्रमुख अंग हो ।

### ५०) बिमा योग्य आम्दानी (Insurable Earnings):

रोजगारदातालाई प्रदान गरिएको सेवा वापत व्यक्तिले प्राप्त गर्ने पारिश्रमिकको अंश हो । जुन विशेष बिमा वा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बिमाको लागि योग्य मानिन्छ । यसले बिमा प्रिमियम वा योगदानहरू गणना र भुक्तान गरिएको आयलाई समेत प्रतिनिधित्व गर्दछ । बिमा योग्य आम्दानीमा बिमित व्यक्तिलाई प्रदान गरिएको पारिश्रमिक भन्दा बाहेकका अन्य आयहरू समावेश हुन वा नहुन सक्दछ । साथै बिमा योग्य आम्दानी विशेष बिमा योजना वा सामाजिक सुरक्षा कार्यक्रमको आधारमा भिन्न हुन सक्दछ ।

### ५१) बिमा (Insurance):

तोकिएका अनिश्चित घटना तथा दुर्घटनाहरूको आर्थिक परिणामको विरुद्धमा जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको एक संयन्त्र नै बिमा हो । जहाँ यस्ता घटना तथा घटनाबाट उत्पनन हुने अनुमानित लागतलाई धेरै व्यक्तिहरूको माझमा फैलाइएको हुन्छ । बिमा अन्तर्गत तीनवटा सवालहरू रहेका हुन्छन्: १) प्रिमियमको पूर्व भुक्तानी अर्थात जोखिमको घटना हुनु अघिनै प्रिमियम भुक्तानी गरिएको हुनुपर्दछ । २) जोखिमको बाँडफाँड भएको हुन्छ । ३) सुनिश्चितताको अवधारणा रहेको हुन्छ । सामाजिक सुरक्षामा बिमित व्यक्तिहरूले तिरेको प्रिमियम एक साथ जम्मा गरिन्छ र स्पष्ट रूपमा परिभाषित भएका जोखिममा तोकिएका प्रभावित व्यक्तिहरूको खर्च परिपूर्ति गर्न यसको प्रयोग गरिन्छ । अनिश्चित जोखिम, दुर्घटनामा परेका व्यक्ति वा संस्थाले आफ्नो जोखिम अनुरुप निश्चित बिमा शुल्क बुझाइ घटना भएमा क्षतिपूर्ति प्राप्त गर्न सक्दछन् ।

### ५२) अन्तरपुस्ता समता (Intergenerational Equity):

अन्तरपुस्ता समताले विभिन्न पुस्ताहरू बीच स्रोत, सुविधा र लाभको वितरणमा निष्पक्षता र न्यायको अवधारणालाई बुझाउदछ । यसले वर्तमानमा हुने काम र निर्णयहरूले भविष्यका पुस्ताहरूको आफ्नै आवश्यकताहरू पूरा गर्न र समानस्तरको

कल्याणको उपभोग गर्न पाउने अधिकार र क्षमतामा सम्झौता गर्नु हुँदैन भन्नेमा जोड दिन्छ ।

### ५२) दीर्घकालीन सुविधाहरू (Long-term Benefits):

दीर्घकालीन सुविधाले दीर्घकालीन वा स्थायी अशक्तता, चोटपटक वा रोगका कारण काम गर्न र आम्दानी गर्न नसक्ने व्यक्तिहरूलाई प्रदान गरिएको आर्थिक सहयोग, सहायता वा सुविधालाई जनाउदछ । यस्ता सुविधाहरू आम्दानी प्रतिस्थापन भएका र आम्दानी क्षमता गुमाएका योगदानकर्ताहरूको लागि प्रदान गर्ने गरी निर्माण गरिएको हुन्छ ।

### ५३) एकमुष्ट रकम (Lump Sums):

एकमुष्ट रकमले योगदानकर्ताहरूलाई प्रदान गरिएको एकपटकको भुक्तानी जनाउदछ । उदाहरणका लागि सेवा निवृत्ति एकमुष्ट रकम, मृत्यु लाभ एकमुष्ट रकम, अपाङ्गता तथा असक्षमता एकमुष्ट रकम आदिलाई लिन सकिन्छ ।

### ५५) न्यूनतम सुनिश्चित सुविधा (Minimum Guaranteed Benefit):

न्यूनतम सुनिश्चित सुविधाले सामाजिक सुरक्षा प्रणालीमा आवद्ध तथा नियमित रूपमा योगदान गरिरहेका व्यक्तिले प्राप्त गर्न पाउने अधिकार तथा सुविधाको न्यूनतमस्तरलाई जनाउदछ । यसले सामाजिक सुरक्षा कार्यक्रममा योगदान गरेका व्यक्तिहरूलाई न्यूनतम आम्दानी वा सहयोग प्रदान गरिएको छ भनी सुनिश्चित गर्न सुरक्षा कवचको रूपमा काम गर्दछ ।

### ५६) नव प्रवेशकर्ता (New Entrant):

कुनैपनि व्यक्ति जो पहिलो पटक सामाजिक सुरक्षा कार्यक्रमका कुनै पनि योजनामा योगदानकर्ताको रूपमा दर्ता भएको छ भने त्यस्तो व्यक्तिलाई नव प्रवेशकर्ता भनिन्छ ।

### ५७) नयाँ सुविधाहरू (Newly Awarded Benefits):

प्रतिवेदन गरिएको वर्षमा नयाँ प्रदान गरिएका लाभहरूलाई नयाँ सुविधाहरू भनिन्छ । नयाँ सुविधाहरूले प्रतिवेदन अवधिमा नयाँ प्रदान गरिएका सुविधाहरूलाई प्रतिवेदन वर्ष सुरु हुनु अगाडि प्रदान गरिएका वा जारी भएका सुविधाहरूबाट छुट्याउदछ।

### ५८) निवृत्तिभरण (Pension):

निवृत्तिभरण भनेको निश्चित उमेर पुगेका वा निश्चित योग्यता तथा मापदण्ड पूरा गरेका व्यक्तिहरूलाई प्रदान गरिने नियमित भुक्तानी हो । निवृत्तिभरण एक प्रकारको

आम्दानी सहयोग हो जसले सेवानिवृत्त व्यक्तिहरूलाई वित्तीय स्थिरता र सुरक्षा प्रदान गर्दछ ।

### ५९) प्रिमियम (Premium):

प्रिमियमले सामाजिक सुरक्षा प्रणालीमा योगदानकर्ता, श्रमिक/व्यक्ति तथा रोजगारदाताले गरेको नियमित भुक्तानीलाई जनाउदछ । यो एक अनिवार्य वित्तीय योगदान हो जसले सामाजिक सुरक्षा सुविधा र यसले समेट्ने योजनाको लागि व्यक्तिको योग्यता सुनिश्चित गर्दछ । प्रिमियम रकम सामान्यतया व्यक्तिको आय वा ज्यालाको प्रतिशतको आधारमा गणना गरिन्छ । यस्ता प्रिमियमहरू विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरू, स्वास्थ्य सेवा, अपाङ्गता सहयोग, बेरोजगारी सुविधा, अवकाश निवृत्तिभरण लगायतका सुविधाहरू प्रदान गर्न एक कोषमा जम्मा गरिन्छ । प्रिमियमको भुक्तानीले सामाजिक सुरक्षा प्रणालीलाई दिगो बनाउन मद्दत गर्दछ र आवश्यकताको समयमा व्यक्तिहरूलाई पर्याप्त सहयोग र सुरक्षाको प्रावधानलाई सक्षम बनाउछ ।

### ६०) प्राथमिक स्वास्थ्य हेरचाह (Primary Health Care):

प्राथमिक स्वास्थ्य हेरचाहले व्यक्तिहरूलाई उनीहरूको सामाजिक सुरक्षाले समेटिएको भागको रूपमा प्रदान गरिने आवश्यक र आधारभूत स्वास्थ्य सेवाहरूलाई जनाउदछ । यसले निवारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थापनासँग सम्बन्धित स्वास्थ्य सेवाहरूलाई समेट्छ, जुन जनसंख्याको प्राथमिक स्वास्थ्य सेवा सम्बन्धी आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले गरिन्छ । प्राथमिक स्वास्थ्य सेवामा नियमित जाँच, खोप, सामान्य रोगहरूको आधारभूत उपचार, दीर्घकालीन अवस्थाको व्यवस्थापन, मातृ तथा बाल स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षा र प्रवर्द्धन जस्ता सेवाहरू समेत समावेश हुन्छन् । यी सेवाहरू स्वाथ्य केन्द्रहरू, क्लिनिकहरू, अस्पतालहरू र सामुदायिक स्वास्थ्यकर्मीहरू सहित विभिन्न स्वास्थ्य सेवा सुविधाहरू र प्रदायकहरू मार्फत प्रदान गरिन्छ ।

### ६१) निजी बिमा (Private Insurance):

सरकारद्वारा सञ्चालित सामाजिक सुरक्षा प्रणाली भन्दा भिन्न र स्वतन्त्र रूपमा सञ्चालन हुने निजी कम्पनी वा संस्थाहरूद्वारा सञ्चालन तथा प्रदान गरिएको बिमाजन्य कार्यलाई निजी बिमा भनिन्छ । निजी बिमा समावेश गरिएको जोखिम राशी एक अतिरिक्त तह हो । व्यक्तिहरूले सार्वजनिक रूपमा सामाजिक सुरक्षा कार्यक्रमद्वारा प्रदान गरिएका लाभहरूलाई पुरक वा वृद्धि गर्ने सन्दर्भमा स्वेच्छिक रूपमा रोज्न सक्छन् ।

### ६२) सञ्चय कोष (Provident Fund):

सञ्चय कोष भन्नाले कामदारहरूलाई सेवानिवृत्ति लाभ र आर्थिक सुरक्षा

प्रदान गर्नको लागि बनाईएको वित्तीय बचत योजनालाई जनाउदछ । यो दीर्घकालीन बचतको एक रूप हो जहाँ कर्मचारी र रोजगारदाता दुवैले तलबको एक निश्चित अंश कोषमा नियमित रूपमा योगदान गर्दछन् । कोषमा नियमित रूपमा योगदान वापतको रकम जम्मा हुन्छ र यस्तो रकमले ब्याज आर्जन गर्दछ । सञ्चय कोषले कर्मचारीले काम छाडेपछि उसको आम्दानी र आर्थिक सहयोगको स्रोतको सुनिश्चित गर्दै सामाजिक सुरक्षाको रूपमा काम गर्दछ ।

### ६३) अनुमोदन (Ratification):

अनुमोदनले सामाजिक सुरक्षासँग सम्बन्धित नीति, सम्झौता वा कानूनको औपचारिक स्वीकृति वा अनुमोदनलाई जनाउदछ । यो त्यस्तो प्रक्रिया हो, जसद्वारा निर्णय वा कार्य आधिकारिक रूपमा मान्य र कानूनी रूपमा पुष्टि हुन्छ । अनुमोदनले सान्दर्भिक सामाजिक सुरक्षा उपायहरू तथा प्रावधानहरूले आवश्यक कानूनी प्रक्रिया पूरा गरिसकेका छन् र सम्बन्धित अधिकारीहरू तथा निकायहरूद्वारा अनुमोदन गरिएको छ भन्ने बुझाउदछ ।

### ६४) पुनः प्रवेशकर्ता (Re-entrant):

केही समयको अन्तराल पछि : सामाजिक सुरक्षा योजनामा योगदानको रकम भुक्तानी सुरु गर्ने व्यक्ति पुनः प्रवेशकर्ता हो ।

### ६५) सन्दर्भ आय (Reference Earnings):

सन्दर्भ आय भन्नाले सामान्यतया लाभको भुक्तानी भन्दा अगाडी नै तोकिएको अवधिमा हुने औषत आयलाई बुझाउदछ ।

### ६६) बिल भरपाईको आधारमा दिईने भुक्तानी (शोधभर्ना) (Reimbursement):

बिल भरपाईको आधारमा हुने भुक्तानी अर्थात शोधभर्नाले योगदानकर्ता श्रमिक/व्यक्तिहरूलाई स्वास्थ्य सेवासँग सम्बन्धित उनीहरूको खर्चको बिल भरपाई बराबरको रकम प्रदान गरिने प्रक्रियालाई बुझाउदछ । कुनैपनि वस्तु वा सेवाको वास्तविक खर्चलाई मात्र समेटेर भुक्तानी दिने सुविधालाई बिल भरपाईको आधारमा दिइन्छ । यस किसिमको भुक्तानीको लागि सुविधा लिने व्यक्तिले आफूले गरेको खर्चको बिल भरपाई लगायतका प्रमाण पेश गर्न आवश्यक हुन्छ ।

### ६७) प्रतिस्थापन दर (Replacement Rate):

तोकिएको कुनै निश्चित अवधिमा बिमा योग्य आयको (औषत/व्यक्तिगत) रकमको अवधिमा (औषत/व्यक्तिगत) सुविधाको रकमको अनुपातलाई प्रतिस्थापन दर भनिन्छ ।

### ६८) प्रतिवेदन अवधि (Reporting Period):

प्रतिवेदन प्रस्तुत गरिने बाह्र महिनाको अवधिलाई प्रतिवेदन अवधि भनिन्छ । नेपालको सन्दर्भमा प्रतिवेदन अवधि वैशाखदेखि चैतसम्म वा आर्थिक वर्ष जस्तै साउनदेखि असारसम्म हुन सक्छ ।

### ६९) आरक्षित ज्याला (Reservation Wage):

तलब वा ज्यालाको न्यूनतम रकम जसमा सुविधा प्राप्त कर्ताले आफ्नो सुविधा त्याग्न र काममा फर्कन तयार हुन्छ भने त्यसलाई आरक्षित ज्याला भनिन्छ ।

### ७०) सञ्चय (Reserve):

योगदानको खुद सङ्कलन, लगानी मार्फत प्राप्त हुने आम्दानी, अन्य राजश्वका साथै न्यून सुविधाको भुक्तानी, न्यूनतम प्रशासनिक तथा अन्य खर्चलाई सञ्चयको रूपमा लिइन्छ ।

### ७१) जोखिम (Risk):

जोखिमले अनिश्चित घटना हुने सम्भावनालाई जनाउदछ । यस किसिमका अनिश्चित घटनाले व्यक्तिले प्रतिकूल आर्थिक परिणाम बेहोर्नुपर्ने हुन सक्छ । त्यसैले व्यक्तिहरूले जोखिमले ल्याउन सक्ने आर्थिक अनिश्चितताका विरुद्ध बिमा मार्फत सुनिश्चितता खोज्दछन् । बिमाले जोखिम हुनबाट रोक्न नसकेता पनि तिनीहरूको वित्तीय तथा आर्थिक असरलाई कम गर्न सक्छ । मुख्य सामाजिक जोखिमहरूमा विरामी, अपाङ्गता, वृद्धावस्था, बेरोजगारी, मृत्यु आदिलाई लिन सकिन्छ ।

### ७२) जोखिम व्यवस्थापन (Risk Management):

जोखिम व्यवस्थापन रणनीतिमा केहि सावधानीका उपायहरू लिने र भविष्यमा हुन सक्ने जोखिमका घटनाबाट उत्पन्न हुन सक्ने सामाजिक तथा आर्थिक समस्याहरूलाई व्यवस्थित गर्ने सवालहरू समेटिएका हुन्छन् ।

### ७३) जोखिम बाँडफाँड (Risk Pooling):

सिद्धान्ततः व्यक्तिगत जोखिमको वित्तीय परिणाम वा असर प्रत्येक व्यक्तिले एकल रूपमा मात्र बेहोर्ने नभई ठूलो समूहले सामुहिक रूपमा वहन गर्ने कार्यलाई जोखिम बाँडफाँडको रूपमा लिइन्छ । जोखिमको बाँडफाँड बिमाको आधारभूत मान्यता पनि हो ।

### ७४) तलब स्केल (Salary Scale):

कुनैपनि व्यक्तिको उमेर तथा रोजगारीको वर्षको आधारमा उसको जागिरे

जीवनमा भएको तलबको विकास नै तलब स्केल हो ।

### ७५) अल्पकालीन सुविधाहरू (Short-term Benefits):

विशेष परिस्थितिका कारण अस्थायी रूपमा काम गर्न नसक्ने व्यक्तिहरूलाई प्रदान गरिएको आर्थिक सहयोग वा सहायतालाई नै अल्पकालीन लाभ भनिन्छ । यस्ता सुविधाहरू योगदानकर्ताहरू विरामी हुँदा, चोटपटक लाग्दा, सुत्केरी हुँदा वा अस्थायी रूपमा बेरोजगार हुँदा, छोटो अवधिको लागि काम गर्न नसक्ने गरी असक्षम हुँदाको छोटो अवधिको लागि प्रदान गरिन्छ ।

### ७६) सामाजिक खर्च (Social Expenditure):

सामाजिक खर्च भन्नाले सरकार वा सम्बन्धित निकायले सामाजिक सुरक्षा कार्यक्रम र यसको पहलका लागि विनियोजन गरिएको वित्तीय स्रोतलाई जनाउदछ । सामाजिक खर्चले स्वास्थ्य सेवा, निवृत्तीभरण, बेरोजगारी भत्ता, अपाङ्गता भत्ता, पारिवारिक भत्ता र अन्य सामाजिक कल्याणका कार्यक्रमहरू लगायतका विभिन्न क्षेत्रहरूमा व्यक्ति तथा घरपरिवारलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्नको लागि गरिएको खर्चलाई समेट्दछ ।

### ७७) सामाजिक सुरक्षा योजना (Social Security Scheme):

सरकार वा सार्वजनिक निकायले श्रमिक तथा व्यक्तिहरूलाई उनीहरूको जीवनका विभिन्न पक्षहरूमा सामाजिक संरक्षण तथा सहयोग प्रदान गर्नको लागि स्थापना गरेको विस्तृत कार्यक्रमलाई सामाजिक सुरक्षा योजना भनिन्छ । यसले सेवानिवृत्ति, अपाङ्गता तथा असक्षमता, बेरोजगारी, स्वास्थ्य सेवा तथा अन्य आकस्मिक जोखिम र चुनौतीहरूलाई संवोधन गर्ने उद्देश्यले लाभ तथा सेवाका योजनाहरू बनाएको हुन्छ ।

### ७८) सामाजिक सुरक्षा (Social Security):

सामाजिक सुरक्षाको अवधारणाले लाभहरू प्रदान गर्ने सबै किसिमका उपायहरू जस्तैः नगद, वस्तु तथा सेवाको उपलब्धता लगायतका सवाललाई समेट्दछ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सामाजिक सुरक्षा समितिको सिफारिस, २०१२ (नं. २०२) का अनुसार सामाजिक सुरक्षाले कम्तीमा निम्न सवालहरूमा सुरक्षा प्रदान गर्दछ :-

- बिरामी, अशक्तता, सुत्केरी अवस्था, रोजगारीमा रहदा हुनसक्ने चोटपटक तथा घाइते, बेरोजगारी, बुढेसकाल, वा परिवारको सदस्यको मृत्युको कारणले गर्दा काममा जान नसक्दा आयमा हुने कमी
- स्वास्थ्य सेवामा पहुँच तथा उपलब्धताको अभाव
- बालबालिका तथा आश्रित वयस्कहरूको सन्दर्भमा हुन सक्ने अपर्याप्त पारिवारिक सहयोग

- गरिबी तथा सामाजिक बहिष्करण ।

सामाजिक सुरक्षा योजनाहरू योगदानात्मक (सामाजिक बिमा) वा गैर योगदानमूलक प्रकृति वा दुवै हुन सक्दछन् ।

### ७९) सामाजिक हस्तान्तरण (Social Transfer):

सामाजिक हस्तान्तरणले समाजको एक समूहबाट अर्को समूहमा नगद वा वस्तुहरू हस्तान्तरण हुने प्रक्रियालाई बुझाउदछ । निश्चित प्रक्रिया पूरा गरेर मात्र प्राप्तकर्ताहरू हस्तान्तरण भएको नगद वा वस्तु प्राप्त गर्न योग्य हुन्छन् । जसमा योगदान रकम नियमित रूपमा बुझाएर विरामी, गरिब तथा अपाङ्गता जस्ता केहि सामाजिक वा व्यवहारिक समस्या भोगेका भएमा यस्तो हस्तान्तरण प्राप्त गर्ने अधिकार राखेका हुन्छन् ।

### ८०) ऐक्यबद्धता (Solidarity):

ऐक्यबद्धता भनेको समाज भित्रका विभिन्न व्याक्तिहरू बीचको सामुहिक दायित्व र आपसी सहयोगको सिद्धान्त हो । यसले व्यक्तिहरूले आफ्नो क्षमता र आवश्यकताका आधारमा सामाजिक सुरक्षा प्रणालीमा योगदान गर्नुपर्ने र सुविधा लिनु पर्दछ भन्ने धारणालाई पनि जोड दिन्छ ।

### ८१) मानकहरू (Standards):

साधारण अर्थमा मानकले न्यूनतम गुणस्तर, योग्यता तथा मापदण्डलाई बुझाउदछ । सामाजिक सुरक्षाका सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित महासन्धि वा सिफारिसले सामाजिक सुरक्षा सम्बन्धी तोकेका न्यूनतम गुणस्तर, मापदण्ड वा योग्यतालाई मानकको रूपमा लिइन्छ । अन्तर्राष्ट्रिय महासन्धीहरू सम्बन्धित राष्ट्रले अनुमोदन गर्नुपर्ने गरी निर्माण गरिएको हुन्छ । जब अन्तर्राष्ट्रिय श्रम सङ्गठनका सदस्य राष्ट्रहरूले कुनै महासन्धिलाई अनुमोदन गर्दछ, यो कानूनी रूपमा बाध्यकारी र अन्तर्राष्ट्रिय दायित्वको अधिनमा रहन्छ । सिफारिसहरू अनुमोदन गर्नुपर्ने बाध्यकारी नभएता पनि तिनीहरूले सामान्य वा प्राविधिक दृष्टिकोणले दिशानिर्देश गरेका हुन्छन् र यसले महासन्धिको पुरकको रूपमा कार्य गर्दछन् । यही मानकले राष्ट्रिय सामाजिक नीतिहरूको लागि विश्वव्यापी रूपमा पृष्ठपोषण तथा समर्थन प्रदान गर्दछ । कुनैपनि महासन्धि सम्बन्धित देशले अनुमोदन गरिसकेपछि त्यस्ता देशहरूलाई महासन्धिमा भएका व्यवस्थाबाट पछाडि फर्कन वा पहिले नै हासिल गरेको उपलब्धिलाई गुमाउनबाट पनि रोक्दछ ।

### ८२) पुरक योजनाहरू (Supplementary Schemes):

पुरक योजनाहरू आधारभूत सामाजिक सुरक्षा सुविधा तथा योजना भन्दा बाहिर

थप सुविधा तथा सहयोग प्रदान गर्नको लागि तय गरिएको हुन्छ वा सामाजिक सुरक्षा कार्यक्रममा पूरक योजनाहरू विशेष आवश्यकता वा परिस्थितिलाई सम्बोधन गर्नको लागि लागू गरिन्छ, जुन प्राथमिक सामाजिक सुरक्षा प्रणालीले पूर्ण रूपमा समेटेको हुँदैन ।

## ८३) लक्षित जनसंख्या (Target Population):

लक्षित जनसंख्या भन्नाले सामाजिक सुरक्षा प्रणालीद्वारा प्रदान गरिएका सुविधा र सुरक्षाहरू प्राप्त गर्न योग्य व्यक्तिहरूको विशिष्ट समूह वा वर्गलाई जनाउदछ । सामाजिक सुरक्षा कार्यक्रमको दायरा र सहयोग प्रदान गर्नको लागि योजनाहरू बनाईएको समूहलाई नै लक्षित जनसंख्या भनिन्छ । लक्षित जनसंख्या सामाजिक सुरक्षा कार्यक्रमको विशिष्ट उद्देश्य र ढाँचाको आधारमा फरक-फरक हुन सक्छ ।

## ८४) टर्मिनल फण्डिङ (Terminal Funding):

टर्मिनल फण्डिङ एकप्रकारको स्थायी प्रकृतिको वित्तीय कोष हो । कुनैपनि रोजगारीमा रहेका व्यक्तिलाई उसको  निवृत्त हुँदाका बखत भविष्यमा हुन सक्ने जोखिमका विरुद्ध दिईने भुक्तानी नै टर्मिनल फण्डिङ हो । यो रकम वर्तमानको निवृत्तिभरण रकमको राशी बराबर हुन्छ ।

## ८५) भुक्तानी गर्न ईच्छुक (Willingness to Pay):

भुक्तानी गर्न ईच्छुक भन्नाले सामाजिक सुरक्षा प्रणालीमा आर्थिक रूपमा योगदान गर्ने व्यक्ति वा सहभागीहरूको नियमित रूपमा योगदान वापतको रकम वा प्रिमियम बुझाउने ईच्छालाई जनाउदछ । कुनैपनि व्यक्तिको भुक्तानी गर्ने ईच्छा उसको आम्दानीको स्तर र जोखिममा प्रदान गर्ने सुविधासँग निर्भर गर्दछ । भुक्तानी गर्ने ईच्छा जहिले पनि व्यक्तिले तिर्न सक्ने क्षमता भन्दा कम वा बराबर हुन्छ । यद्यपी गरिबीको अवस्थामा भुक्तानी गर्ने क्षमता र ईच्छा दुवै कमजोर हुन्छन् र यिनीहरू एकअर्कासँग अविभाज्य रहेका हुन्छन् ।

## ८६) प्रतिक्षा अवधि (Waiting Period):

प्रतिक्षा अवधिले निश्चित लाभहरू प्राप्त गर्न योग्य हुनु अघि योगदानकर्ताले पर्खनुपर्ने समयलाई बुझाउदछ । यो एक निर्दिष्ट अवधि हो जुन योगदानकर्ताहरूले सामाजिक सुरक्षा प्रणालीमा योगदान गर्न वा अन्य आवश्यकताहरू पूरा गर्न उनीहरूले विशेष लाभहरू प्राप्त गर्नु भन्दा अगाडि पूरा गर्न आवश्यक छ ।

